**प्र.मं.प.बै.सं. २१/२०७६**

**२०७६ साल मंसिर २ गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** - जानकी गाउँपालिका, बाँकेको केन्द्र परिवर्तनसम्बन्धी प्रस्ताव नेपाल सरकार समक्ष सिफारिस गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** - कानून मस्यौदा तथा सुझाव कार्यदलका विज्ञ सदस्यको सुविधा स्वीकृत गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** - प्रदेश लोक सेवा आयोगका सदस्यको पारिश्रमिक, सेवाको शर्त र सुविधा स्वीकृत गर्ने।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** - सूचना तथा संचार प्रविधि प्रतिष्ठानका कार्यकारी निर्देशकको पारिश्रमिक र सेवा सुविधासम्बन्धी मापदण्ड स्वीकृत गर्ने।

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** - प्रदेश विपद् व्यवस्थापन कार्यसञ्चालन निर्देशिका, २०७६ स्वीकृत गर्ने।

६. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** - स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने।

७. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** - कृषि तथा पशुपंक्षी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

८. **सामाजिक विकास मन्त्रालयः** - लुम्बिनी प्रादेशिक अस्पतालमा प्रमुख मेडिकल सुपरिटेण्डेन्टको जिम्मेवारी तोक्ने।